परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन वर्ष, २०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक ४० २०८३ बैशाख २७ आईतवार Sunday, 10 MAY 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## राष्ट्रिय पत्रकारीता दिवसको अवसरमा कोशी प्रदेशका आठ पत्रकार सम्मानित



विराटनगर । कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले राष्ट्रिय पत्रकारिता दिवस २०८३ को अवसरमा विहीवार कोशी प्रदेशका ८ जना पत्रकारहरूलाई सम्मानित तथा पुरस्कृत गरेका छन् ।

सम्मान तथा पुरस्कार वितरण कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री हिकमत कुमार कार्कीले रेजिना गौतम (ताप्लेजुङ), सिद्धराज राई (धनकुटा), मनोज श्रेष्ठ ( सोलुखुम्बु), शेखर रेग्मी (मोरङ), ठालुप्रसाद (विवेक) गौतम (मोरङ), गोपालबहादुर खत्री (सुनसरी), श्यामसुन्दर सुतिहार (मोरङ) र सन्तोष रुचाल (धनकुटा) लाई खादा,माला, अवीर सम्मानपत्र र नगद १ लाख सहित सम्मानित गरेको थियो ।

प्रमुख अतिथि मुख्यमन्त्री कार्कीले लोकतन्त्रको सुदृढी करणका लागि स्वतन्त्र र जिम्मेवार पत्रकारिताको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै सञ्चार क्षेत्रलाई अझ मर्यादित, व्यावसायिक र प्रविधिमैत्री बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका थिए ।

संचार माध्यमलाई अंकुश लगाउने कुनै पनि काम प्रदेश सरकारले नगरिने भन्दै निजी र सरकारी भनेर विभेद गर्नु नेपालको कानुन र संविधान विपरीत हुने वताए । वहाँले निजी सञ्चार माध्यमलाई दिने विज्ञापन नीतिमा संघीय सरकारले लिएको नीति सच्चिने आशा व्यक्त गर्दै यदि त्यस्तो नभए प्रदेश सरकारले नीति र आवश्यक कानुन बनाएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

मुख्यमन्त्रीले पत्रकारहरूले सत्यतथ्य समाचार सम्प्रेषण मार्फत समाजमा सकारात्मक चेतना फैलाएको उल्लेख गर्दै सम्मानित पत्रकारहरूलाई बधाई

बांकी अन्तिम पेजमा...

## खुद्रे योजनालाई प्राथमिकता नदिने

विराटनगर । पर्यटन, वन तथा वतावरण मन्त्रालय बजेट बनाउने तयारीमा जुटेको कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्री भीम पराजुली वताउदै यसवर्षको बजेटमा खुद्रे योजनालाई प्राथमिकता नदिइने वताएका छन् ।

चालु आर्थिक वर्षमा मन्त्रालयले ६३९ योजना बजेटमा समावेश गरेपनि आगामी वर्षको बजेटमा खुद्रे योजनाहरु समावेश नहुने प्रष्ट पारेका थिए । साथै पर्यटन, वन तथा वतावरण क्षेत्रलाई प्रवर्द्धन गर्न पालिकाहरु जति बजेट हाल्छ सोही अनुसार बजेट मन्त्रालयले बजेटमा राखि दिने वताए ।

शक्रवार मन्त्रालयमा एक सय दिनको एक सय उपलब्धीहरु सार्वजनिक गर्दै मन्त्री पराजुलीले पर्यटन प्रवर्द्धनका लागि कोशी प्रदेशका प्रमुख पर्यटकीय क्षेत्रहरुलाई प्राथमिकता दिइने भन्दै उहाँले प्रदेश स्थापना पछि १० अर्व सामुदायिक वनमा पार्क, टोल टोलमा धार्मिक मठमन्दिर लगायतका उपलव्धि विहिन क्षेत्रमा लगानीले सरकारले सोचे अनुसार उपलव्धी प्राप्त नभएको गुनासो गरेका थिए ।

पर्यटन विकास योजनावाट ७८ वटा योजना ठेक्का प्रकियावाटर २४४ वटा सम्झौता भई कार्य भैरहेको जानकारी मन्त्री पराजुलीले दिदै भारतीय पर्यटकलाई आकर्षण गर्न पाथिभरा देखि वराह क्षेत्र, हलेसी, पिण्डेश्वरी,रामधुनी लगायतका क्षेत्रलाई प्रमुख प्राथमिकतामाराखी नीजि क्षेत्रलाई साथमा लिई पूर्वाधार निर्माणकार्य गन वताएका थिए ।

मन्त्रालयले प्रदेशलाई स्वाव लम्वन बनाउने उद्देश्यले कार्य गरिरहेको बताउँदै मन्त्री पराजुलीले विस २०८१-०८२ मा मन्त्रालयको वेरुजु शुन्यमाराखिएको वताए । त्यसैगरी उहाँले कोशीर गण्डकी

बांकी अन्तिम पेजमा...

## जोगवनी नाकामा परिचयपत्र अनिवार्य

विराटनगर । नेपाल भारतको जोगवनी नाकामा सिमा वारिपारी गर्ने व्यक्तिले अनविार्य परिचय पत्र देखाउनु पर्ने भएको छ ।

विराटनगर नाका भएर नेपाल प्रवेश गर्ने सबैले अबदेखि अनिवार्य रूपमा परिचयपत्र देखाउनुपर्ने व्यवस्था लागू गरिएको छ । सीमा सुरक्षालाई मजबुत बनाउन र अवैध गतिविधि तथा तस्करी नियन्त्रण गर्ने उद्देश्यसहित सुरक्षा निकायले सीमा क्षेत्रमा केही दिन देखि कडा सुरक्षा दिन थालेको छ ।

जोगवनी-विराटनगर सीमा क्षेत्रमा मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कटेल नेतृत्वको टोलीले शनिबार स्थलगत अनुगमन गर्दै नयाँ व्यवस्था कार्यान्वयनमा ल्याउन निर्देशन दिदै अनुगमनका क्रममा उहाँले सीमा नाकाबाट नेपाल प्रवेश गर्ने प्रत्येक व्यक्तिले आफ्नो परिचय खुल्ने आधिकारिक कागजात अनिवार्य रूपमा देखाउनुपर्ने स्पष्ट निर्देशन दिएको थियो । प्रशासनको यो कदमसँगै सुरक्षा निकायले सीमा क्षेत्रमा माइकिङ गर्दै परिचयपत्र अनिवार्य गरिएको जानकारी सर्वसाधारणलाई दिइरहेका छन् ।

भारतीय भूमिबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरूले आधार कार्ड, नागरिकता वा अन्य मान्य परिचयपत्र देखाउनुपर्ने व्यवस्था कडाइका साथ लागू गरिएको मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालले जानकारी दिदै सीमा नाकामा बढ्दो आवागमन र अवैध कारोबारको जोखिमलाई

वांकी अन्तिम पेजमा...

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर

यौन हिंसाबाट बचौं र बचाऔं:

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानी व्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

महेश कुमार साह स्वर्णकार (अध्यक्ष)
नेपाल सोनार समाज परिवार
मोरंग

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिव सुन्दर ज्वेलर्स परिवार
राम जानकी पथ विराटनगर
मोरंग

क्राईम अपरेशन
Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## राष्ट्रिय...

तथा शुभकामना दिएका थिए ।

उक्त अवसरमा सम्मान तथा पुरस्कार वितरण कार्यक्रमका अध्यक्ष कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका माननीय मन्त्री ईन्द्रमणि पराजुलीले लोकतन्त्रको आधार स्वतन्त्र प्रेस भएको उल्लेख गर्दै जिम्मेवार पत्रकारिताले समाजमा सकारात्मक परिवर्तन ल्याउने बताए । उनले पत्रकारहरू को पेशागत सुरक्षा, क्षमता विकास तथा सञ्चार क्षेत्रको सुदृढीकरणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको वताउदै सम्मानित पत्रकारहरूलाई बधाई तथा शुभकामना दिएका थिए ।

प्रदेश सचिव अस्मान तामाङ, नेपाल पत्रकार महासंघ कोशी प्रदेश अध्यक्ष भरत खड्का, नेपाल पत्रकार महासंघ मोरंग अध्यक्ष सुशीला पाठक लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा विभिन्न सञ्चार माध्यममा आवद्ध पत्रकार, नागरिक समाजका प्रतिनिधि, सरकारी अधिकारी तथा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## जोगवनी...

मध्यनजर गर्दै निगरानी बढाएको वताए । विशेषगरी जोगवनी नाका हुँदै दैनिक सयौंको संख्यामा सर्वसाधारण किनमेल, रोजगारी तथा अन्य कामका लागि नेपाल-भारत ओहोरदोहोर गर्ने भएकाले कडाइ आवश्यक भएको प्रजिअ कटेलको भनाइ छ ।

विराटनगर मात्र नभई इटहरी, तरहरा, धरान, पथरी, सुन्दरहरैंचा, उर्लाबारीलगायत आसपासका क्षेत्रका बासिन्दा दैनिक उपभोग्य सामग्री खरिदका लागि जोगवनी पुग्ने गरेका छन् । तर, यही ठूलो आवागमनलाई केही समूहले तस्करी तथा अवैध सामान ओसारपसारको महत्वपूर्ण अवसरका रूपमा लिने गरेको आरोप लाग्दै आएको छ । सुरक्षा निकायका अनुसार खुला सीमाका कारण अवैध आवतजावत तथा सामान ओसारपसारलाई पूर्ण रूपमा रोक्न चुनौतीपूर्ण छ । केही समयअघि प्रमुख जिल्ला अधिकारी कटेल स्वयंले सीमाक्षेत्रमा रहेका होटल तथा पसलहरूको अनुगमन गरेका थिए ।

सो क्रममा केही संरचनागत कमजोरी र सुरक्षामा जोखिम देखिएपछि उनले सीमा क्षेत्रमा रहेका खुला झ्याल तथा बाटोहरू बन्द गर्न निर्देशन दिएका थिए । सीमा क्षेत्रबाट भारततर्फ सजिलै आवतजावत हुने अवस्थाले सुरक्षा चुनौती बढाएको निष्कर्ष प्रशासनले निकालेको छ ।

## खुद्रे...

प्रदेश सरकारवीच अन्तर प्रदेश पर्यटन प्रवर्द्धनका लागि समझदारी पत्रमा हस्ताक्षर हुनका साथ पोखरा-विराटनगर सिधा हवाई सेवा तथा पर्यटकीय वस सेवा संचालनका लागि संघीय सरकार समक्ष आवश्यक पहल गर्ने निर्णय भएको जानकारी दिएका थिए ।

कोशी प्रदेशर मधेश प्रदेशका पर्यटन व्यवसायी बीच अन्तर प्रदेश पर्यटन प्रवर्द्धन अन्तरगत प्रदेशको सुनसरी जिल्लामा रहेको रामधुनीलाईरामायण सर्किटमा जोडर संयुक्त प्रचार प्रसार गन समझदारी भएको वताउँदै, विराटनगरको विराटराजाको दरवार, धनपालथान, धनपालथान गढी, सुनवर्सी पोखरी,रंगेलीको संसारीमाई स्थान लगायतको तराई मधेशमारहेको थानहरुलाई समेत पर्यटनसंग जोडिने प्रतिवद्धता जनाएका थिए ।




## लागु औषध सहित ४ पक्राउ

विराटनगर । झापा र सुनसरी जिल्लाको विभिन्न स्थानबाट लागू औषध सहित ४ जनालाई पक्राउ गरिएको छ ।

(रिट) को टोलीले धरान-१६ का क्षितिज भण्डारी, काठमाण्डा-६ का समिर दियाली, मेलम्ची-४ का सन्देश तामाङलाई ३६ ग्राम ९१० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरिएको थियो । त्यसैगरी झापाको अस्थायी प्रहरी चौकी बसपार्कले अर्जुनधारा नगर पालिका-११ स्थितबाट दमक-२ का सुमन थापालाई ५ सय ८९ चक्की प्रतिबन्धित औषधी सहित पक्राउ गरेको छ ।


# मानसिक स्वास्थ्यप्रति सचेत बनौं ।

*मानसिक समस्याका लक्षण :*

*- निराश हुनु,*
*- तनाव तथा चिन्ता महशुस हुनु,*
*- बेलाबेलामा डर लाग्नु,*
*- बिनाकारण पसिना आउनु,*
*- गहिरो निद्रा नपर्नु,*

*मासिक समस्या निदानको लागि :*

*- नियमित व्यायाम गरौं,*
*- परिवार र साथीहरूसँग समय विताऔं*
*- योग, ध्यान वा मनपर्ने गतिविधीमा संलग्न होऔं,*

आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

*नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

## गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| | | |
|---|---|---|
| *चडामणि गुरागाई*<br>*प्र.प्रशासकिय अधिकृत* | *अनिता कुमार साह*<br>*उपाध्यक्ष* | *आश नारायण चौधरी*<br>*अध्यक्ष* |

गढी गाउँपालिका, गाउँपालिकाको कार्यालय,
कोशी प्रदेश, सुनसरी, नेपाल

*नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

## गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| | | |
|---|---|---|
| *अजय कुमार चौधरी*<br>*प्र.प्रशासकिय अधिकृत* | *नितु कुमारी चौधरी*<br>*उपाध्यक्ष* | *जिबछ कुमार राय*<br>*अध्यक्ष* |

बर्जु गाउँपालिका, गाउँपालिकाको कार्यालय,
कोशी प्रदेश, सुनसरी, नेपाल

*नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

## नगरवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| | | |
|---|---|---|
| *योगेन्द्र प्रसाद दुलाल*<br>*प्र. प्रशासकिय अधिकृत* | *शिल्पा निराला कार्की*<br>*महानगर उप-प्रमुख* | *नागेश कोइराला*<br>*महानगर प्रमुख* |

विराटनगर महानगरपालिका, महानगर
पालिकाको कार्यालय मोरंग कोशी प्रदेश


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# सुकुम्बासी समस्या समाधान गर बालेन सरकार

वालेन सरकारले हतारमा सुकुम्बासीको समस्या समानधान गरी सुकुम्बासीलाई घरविहीन वनाई अगाडी वढेको विषय टाउँको दुखाईको विषय बनेको छ । नेपालमा दशकौँदेखि जटिल सामाजिक, आर्थिक र राजनीतिक समस्याका रूपमा रहेको सुकुम्बासी समस्या रहकोछ । सुकुम्बासीमै राजनीतिक दलहरुले राजनीति गर्दै आएको छ । त्यसैले सुकुम्बासी समस्या सुझवुझका साथमात्र समाधान गर्न लाग्नु पर्छ । विभिन्न सरकार आए, आयोग बने, नापजाँच भए, लालपुर्जाको आश्वासन बाँडियो, तर वास्तविक भूमिहीन र सुकुम्बासी नागरिक अझै पनि असुरक्षित जीवन बिताउन बाध्य छन् ।

सुकुम्बासी हुनु कुनै व्यक्तिको रहर होइन, बाध्यता हो । गरिबी, बेरोजगारी, प्राकृतिक विपत्ति, बसाइँसराइ र सामाजिक विभेदका कारण हजारौँ परिवार सार्वजनिक वा ऐलानी जग्गामा बस्न पुगेका छन् । उनीहरूलाई केवल हटाउने दृष्टिकोणले होइन, मानव अधिकार र सामाजिक न्यायको आधारमा हेर्न आवश्यक छ । संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार दिएको छ । त्यसैले भूमिहीन नागरिकलाई सुरक्षित आवास र जीविकोपार्जनको आधार उपलब्ध गराउनु सरकारको दायित्व हो ।

अब सरकार गम्भीर बन्नैपर्छ । वास्तविक सुकुम्बासीको पहिचान गरी पारदर्शी रूपमा जग्गा वितरण गर्नुपर्छ । अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, सडकजस्ता आधारभूत सेवा पनि सुनिश्चित गर्न आवश्यक छ । भूमि व्यवस्थापनलाई वैज्ञानिक, न्यायपूर्ण र दीर्घकालीन बनाइएन भने भविष्यमा अझ ठूलो सामाजिक द्वन्द्व उत्पन्न हुन सक्छ । राजनीतिक नाराभन्दा माथि उठेर स्थायी समाधान खोज्न सके मात्र हजारौँ भूमिहीन नागरिकको जीवनमा आशाको उज्यालो फैलिन छ भने बालेन सरकार पनि सफल हुनेछ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# पर्यटन, वन तथा वातावरण मन्त्री भीम पराजुलीको १ सय दिनमा १ सय काम

कोशी प्रदेश सरकारका पर्यटन, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री भीम पराजुलीले आफुले मन्त्रालयमा कार्यभार सम्हालेपछि १ सय दिनमा १ सय काम गरेको फेहरिस्त सुनाएको छ ।

मन्त्रालयमै पत्रकारहरुसंगको भेटघाट कार्यक्रममा उल्लेखनिय काम गरेको फेहरिस्त शुक्रवार सुनाएको थियो । फेहरिस्तको पूर्णपाठ यस प्रकासर सहेको छ ।

क. पर्यटन तर्फ

१. ओखलढुङगाको हर्कपुरमा पर्यटन सूचना केन्द्रको स्थापना ।

२. कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालय र गण्डकी प्रदेश सरकार, उद्योग तथा पर्यटन मन्त्रालय बीच अन्तर प्रदेश पर्यटन प्रवर्द्धनका लागि समझदारी पत्रमामा हस्ताक्षर भएको छ। यसमा प्रदेशका धार्मिक गन्तब्यहरु प्रचार प्रसार गर्ने पर्यटन क्षेत्रमा आपसी सहकार्य गर्ने व्यवस्था गरिएको छ । पोखरा-विराटनगर सिधा हवाई सेवा तथा पर्यटकीय वस सेवा सञ्चालनका लागि संघीय सरकारसमक्ष आवश्यक पहल गर्ने र पर्यटन क्षेत्रका सन्दर्भमा भएका असल अभ्यासको आपसी आदानप्रदान गर्ने व्यवस्था छ । समझदारी पत्रको प्रभावकारी कार्यान्वयनका लागि गण्डकी कोशी पर्यटन प्रवर्द्धन समन्वय समिति गठन भएको छ ।

३. कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशका पर्यटन हरु तथा चितवनका पर्यटन व्यवसायीहरु बीच अन्तर प्रदेश पर्यटन प्रवर्द्धन अन्तरगत अन्तरकृय सम्पन्न भएको छ। जस अन्तरगत चितवनको बन्यजन्तु पर्यटन प्रवर्द्धनलाई कोशीको सिकाई भएको साथै चितवनका पर्यटन व्यवसायीहरुको कोशी सग एकिकृत प्याकेज निर्माण कार्य अघि बढेको छ ।

४. कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशका पर्यटन व्यावसायीहरु तथा मधेश प्रदेशको राजधानी जनकपुरधामका पर्यटन व्यावसायीहरु बीच अन्तर प्रदेश पर्यटन प्रवर्द्धन अन्तरगत अन्तर कृया सम्पन्न भएको छ । यसबाट कोशी प्रदेशको रामधुनी लाई रामायण सर्किटमा जोडेर संयुक्त प्रचार प्रसार गर्ने समझदारी भएको छ ।

५. नेपाल पर्यटन बोर्ड र कोशी प्रदेश पर्यटन वर्ष २०८२ सचिवालयबीच गन्तव्य विकास, ब्रान्डिङ तथा कोशी प्रदेशको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रवर्द्धनलाई सुदृढ गर्न सहकार्य गर्ने उद्देश्यले समझदारी पत्र (:यग) मा हस्ताक्षर भएकोछ । यस साझेदारीले पर्यटनलाई आर्थिक वृद्धि, रोजगारी सिर्जना र दिगो विकासको प्रमुख आधारका रूपमा स्थापित गर्दै कोशी प्रदेशको क्षेत्रीय तथा विश्वव्यापी बजारमा पहिचान र वढाउने लक्ष्य राखेको छ ।

६. पर्यटन वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश पर्यटन वर्ष २०८२ सचिवालयले पर्यटनसम्बन्धी विषय अध्ययनरत युवा/युवतीहरु लाई पर्यटन स्वयंसेवक अभिमुखी करण गरी विराट एक्स्पो र ईटहरीमा सम्पन्न भ्क्ष मा परिचालन गरिएको छ ।

७. अन्तर प्रदेश पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत कोशी प्रदेश सरकार, पर्यटन वन तथा वातावरण 'मन्त्रालय र बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालय बीच कोशी र वागमतीका माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू तथा नीजि क्षेत्रका प्रतिनिधिको उपस्थिति रहेको थियो । यसबाट वागमती र कोशी प्रदेश बीच धार्मिक र साहसिक पर्यटन प्रवर्द्धनमा सहकार्य गर्ने समझदारी भएको छ ।

८. पर्यटन, वन तथा वातावरण मन्त्रालयको आयोजनामा कोशी प्रदेशको पर्यटन प्रवर्द्धन विषयमा पर्यटन व्यवसायी तथा निजी क्षेत्रका सरोकारवालाहरू सँग नीतिगत अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

९. ग्रामिण पर्यटनको महत्वपूर्ण आधार घरवास पर्यटन (होम स्टे) कोशी प्रदेशमा सञ्चालनका रहेका होमस्टेहरुको प्रवर्द्धन तथा अन्य प्रदेशमा सञ्चालनमा रहेका होमस्टेहरुसँग सहकार्य अभिबृद्धि गर्न मन्त्रालयको सहयोग तथा होमस्टे महासंघ कोशीको सहकार्यमा गण्डकी, बागमती, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका होमस्टे पर्यटन व्यवसायीहरुलाई कोशी प्रदेशको अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिएको छ ।

१०. होमस्टे सञ्चालकहरुलाई सीप विकासको लागि ईलाम, ताप्लेजुङ, खोटाङ जिल्लामा तालिम सञ्चालन गरिएको छ ।

११. लोपोन्मुख प्रजाती रेड पाण्डा संरक्षणको लागि सन्दकपुर गाउँपालिकाले आयोजना गरेको रेड पाण्डा महोत्सवमा नेपाल, भारत तथा भुटानका संरक्षणकर्मीसहितको सहभागितामा रेड पाण्डा संरक्षण तथा क्रस वोर्डर पर्यटन प्रवर्द्धन संवाद सम्पन्न भएको छ ।

१२. पाँचथरको फालेलुङमा आयोजना गरिएको चौरी महोत्सव २०८२ मा मन्त्रालयको सहभागिता रहेको छ । उच्च हिमाली क्षेत्रमा पाँउने चौरी यस सग जोडिएका व्यक्तिहरुको जीवनयापनलाई अध्ययन अवलोकन गर्न वर्षनी कोशी उल्लेख्य मात्रामा पर्यटकहरु आउने गरेका छन् कोशी प्रदेशको Cross Border Tourism Promotion मा यसले महत्वपुर्ण योगदान पुर्याएको छ ।

१३. कोशी प्रदेश पर्यटन बर्ष २०८२ अन्तरगत कोशी प्रदेशमा पर्यटन प्रवर्द्धनका लागि सञ्चालन गरिएका करीव १३० वटा विभिन्न भ्खभलतक मा मन्त्रालबाट प्रायोजन तथा सहयोग गरिएको छ ।

१४. पर्यटनमा पत्रकारको भूमिका सहितको क्षमता विकास तालिमको आयोजना अन्तु । पर्यटन पत्रकारिता सम्बन्धी क्षमता विकास तालिम, धनकुटा (नेपाल पत्रकार महासंघ, कोशी प्रदेशसंगको सहकार्यमा) सम्पन्न भएको छ ।

१५. Cross Border Tourism Promotion को लागि कोशीमा बंगाल साँस्कृतिक तथा पर्यटन उत्सव २०८२ सिटी सेन्टर विर्तामोड र कोशीमा विहार पर्यटन प्रबर्द्धन कार्यक्रम धरानमा आयोजना गरिएको छ ।

१६. स्वास्थ्य तथा पर्यटन प्रबर्द्धनका लागि साइक्लिङ्ग मार्फत पर्यटन प्रबर्धन कार्यक्रम उदयपुर, कोशी टप्पुमा कोशी महोत्सव, कोशी टप्पुमा चरा पर्यटन कार्यक्रम बोराबाँधमा सरसफाइ र सौन्दयर्य करण वराहक्षेत्र न.पा. संगको सहकार्यमा, प्यारागलाइडिङ्ग प्रतियोगिता उदयपुर बेलकामा सम्पन्न भएको छ ।

१७. कोशी करिडोर अनुसार पर्यटकीय गन्तव्यहरु समेटिएको डकुमेन्ट्री निर्माण भएको छ ।

१८. पदमार्ग/ट्रेलमा साइनेज विकास प्रबर्द्धन र प्रचार प्रसार (सगरमाथा क्षेत्र, मकालु क्षेत्र) भएको छ।

१९. पर्यटन विकास आयोजनाबाट ७८ वटा योजना ठेक्का प्रक्रियाबाट र २४४ वटा सम्झौता भई कार्य भैरहेको ।

पदमार्गमा आधारित पर्यटन विकास परियोजना

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २९० वटा स्थानीय तह र स्वीस विकास सहयोगको साझेदारीमा यस मन्त्रालयबाट कार्यान्वयन भइ रहेको पदमार्गमा आधारित पर्यटन विकास परियोजनामार्फत ४६.९ किलोमिटर पदमार्ग निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ । (लालीगुराँस पदमार्ग २१ कि.मि., मुन्दुम पदमार्ग ६.५ कि.मि., फाल्गुनन्द पदमार्ग १३ कि.मि. र चियाबारी ६.४ कि.मि.)

२१. चार वटै पदमार्गमा जम्मा १३२ वटा परिधिय संरचनाहरु ( ढुङ्गाको बेन्च, कुर्सी, टेवुल, राउण्ड टेबुल, डस्टविन, खानेपानी धारा, इन्टेक, सावर्जनिक शौचालय, विश्राम घर, चौतारा) निर्माण भएको छ ।

२२. मुन्दुम अल्ट्रा ट्रेलरस, रैथाने खाना महोत्सव, नाचोङ धामी महोत्सव, लालीगुराँ महोत्स, र चौरी महोत्स सफलताका साथ सम्पन्न भएका छन ।

२३. पदमार्ग निर्माण मार्फत ४ हजार दिन रोजगारी सिर्जना भएको छ भने ५८ वटा उपभोक्ता समिति मार्फत पदमार्ग निर्माणको कार्य भइरहेको छ ।

२४. मुन्दुम पदमार्गको प्रचार प्रसारका लागि ३० सेकेन्डको भिडियो तयार गरि TV commercial–QFX 'सिभिल मल रत्तँह राइजिङ मल काठमाण्डौ, त्तँह लविम मल ललितपुर त्तँह भाटभटेनी भक्तपुर, त्तँह विर्तामोड, त्तँह इटहरी र त्तँह पोखराबाट प्रसारण भइरहेको छ ।

२५. बुद्ध, यति र श्री एयरलाइन्ससँग सहकार्य गरि बोर्डिङ पासमा मुन्दुम पदमार्गको प्रचार-प्रसार गर्नुका साथै बुद्ध एयरमा मुन्दुम र चियाबारी पदमार्गको Inflight magazine प्रकाशन गरिएको छ

२६. त्रिभुवन अन्तराष्ट्रिय विमान स्थल काठमाण्डौंको आन्तरिक टर्मिनलमा कोशी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि होर्डिङबोर्ड राख्ने कार्य सम्पन्न भएको छ ।

२७. पदमार्गमाआधारित पर्यटन विकास परियोजना कार्यान्वयनका लागि आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ७२ करोड लागत बराबरको वार्षिक योजना स्वीकृत गरिएको छ ।

ग. वन, वातावरण तथा भू संरक्षण तर्फ

२८. समुदायमा आधारित वन व्यवस्थापनलाई गतिशील बनाउनका लागि सामुदायिक वनको ७७ वटा, कबुलियती वनको २१ वटा कार्ययोजना नवीकरण कार्य सम्पन्न भएको छ ।

२९. 'जनताको माग बमोजिम को गुणस्तरीय बिरूवा उत्पादनलाई सुनिश्चित गर्न धनकुटा र पाँचथरमा रू. १६,७७,५६०/- को लागतमा २ वटा स्थायी नर्सरी निर्माण, संखुवासभा जिल्लामा जडिबुटी नर्सरी तथा ४० वटा काष्ठजन्य नर्सरी मर्मत सम्पन्न गरिएको छ।

३०. वनमा आधारित उद्यम विकास अन्तर्गत १० गोटा स:मिल स्थापना भएको छ ।

३१. लालिगुराँस न.पा. १ तेह्रथुममा सिस्नु प्रशोधन उद्योग थप सुधार भई सिस्नु पाउडर उत्पादन तथा विक्रीवितरण प्रारम्भ भएको छ। झापामा लाहा खेती विस्तार तर्फ लाहा उद्योग स्तरोन्नतीको कार्य सम्पन्न भएको छ ।

वन पैदावार उत्पादन तर्फ

३२. सरकारद्वारा व्यवस्थित वनक्षेत्र (कानेपोखरी-लेटाङ्ग) बाट १,३५,६५०.४७ क्यू.फि. काठ लिलाम विक्री गरिएको छ ।

३३. समुदायद्वारा व्यवस्थित वन (सामुदायिक वन, साझेदारी वन) वाट विभिन्न प्रजातिका २,८३,७५३ क्यु.फिट काठ उत्पादन भै समूहका उपभोक्तामा आन्तरिक खपत तथा समूहबाहिर लिलाम बिक्री भएको छ ।

३४. निजी वन तथा निजी नम्बरी आवादीबाट १ करोड ७७ लाख ८२ हजार क्यु. फिट काठ तया २ हजार ९ सय चट्टा दाउरा उत्पादन तथा विक्री वितरण भएको छ ।

३५. समग्रमा वन व्यवस्थापन मार्फत कुल ६ करोड २ लाख ९२ हजार राजश्व, ५२ करोड ७३ लाख ८२ हजार मुल्य अभिवृद्धि कर तथा अन्य सेवा शुल्क (प्रदेश सेवा शुल्क) रू. ९ करोड ६३ लाख संकलन भएको ।

३६. ५३.३९,७८१ के.जि. गैरकाष्ठ वन पैदावार उत्पादन भै कूल ८ लाख ४७ हजार राजश्व संकलन भएको छ ।

३७. जलविद्युत आयोजना, सडकजस्ता विकास आयोजनालाई वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा दिए बापत कुल ४ करोड ८१ लाख ७६ हजार राजश्व संकलन भएको ।

वन व्यवस्थापन

३८. कूल १८.६५ हे. (सुकुना सा.व. मा ५.३७ हे. र सुन्दर सा.व. मा १३.२८ हे.) क्षेत्रमा थिनिङ्ग कार्य सम्पन्न भएको छ ।

३९. मोरङ जिल्लाका ४ वटा साझेदारी वनहरुबाट १,५११ वटा ढलापडा रुख संकलन अन्तर्गत १,४७,५४७.१७ क्यू.फि. काठ र १८१.२५ चट्टा दाउरा संकलन कार्य सुरू भएको।

४०. धनकुटा जिल्लामा रहेको सल्लेरी राष्ट्रिय वन क्षेत्रमा १०६ वटा जोखिमयुक्त रूखहरूको व्यवस्थापन गरी सम्भावित जनधन तथा सवारी साधनको क्षति न्युनिकरण कार्य गरिएको छ ।

४१. विभिन्न ४ वटा जिल्लाका जिल्ला वन पैदावार आपूर्ति

वांकी ५ पेजमा...

क्राईम अपरेशन
CRIME OPERATION

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. ४ मा रहेका मन्दिरको परिचय



श्याम सुन्दर सुतिहार

**४. श्री श्री श्री १०८ माँ दुर्गा मन्दिर (कर्सिया हटिया)**

धनपालथान गाउँपालिका वडा नं. ४ कर्सिया बजार हुलाकी राजमार्गको दक्षिणमा श्री श्री १०८ माँ दुर्गा मन्दिर रहेको छ ।

मन्दिर कहिले स्थापना भएको हो भन्ने कुरा कसैलाई थाहा नभएपनि करिब २५ वर्ष पहिले गाउँटोलका मानिसहरूले मिलेर दशमीमा माटोको मूर्ति राखी पूजा गर्ने र पूजा सकिएपछि मूर्तिलाई सेलाउने गर्दै आएका थिए । त्यसपछि विस्तारै विस्तारै ईंटको जगमा कुर्सी हाल्दै गाउँटोलबासीको सहयोगमा करिब पाँच धूर सरकारी जग्गामा पक्की मन्दिर निर्माण भएको माँ दुर्गा मन्दिर समितिका उपाध्यक्ष अरुणकुमार साहले बताए । मन्दिरको भुईं तलामा सटरहरू निर्माण गरी भाडामा लगाइएको छ भने माथि मन्दिर रहेको छ ।

सुरुमा परमानन्द झाले पूजापाठ गर्दै आएकोमा सात वर्ष पहिले खि नियमति पूजा गर्दै देवीप्रसाद अधिकारीले गर्दै आएका छन् । अधिकरीका अनुसार मन्दिरभित्र माँ दुर्गा, महिसासुर, राँगा, सिंह, गणेश, लक्ष्मी, सरस्वती, कुमार कार्तिकेयको मूर्ति रहेको छ । दशैंमा चण्डीपाठ गरी वैष्णवी पूजा गरिँदै आएको छ । त्यसपछि दैनिक रुपमा पूजा हुँदै आएको छ ।

**५. नेपाल सन्तमत सत्संग मन्दिर कर्सिया**




कर्सियामा रहेको बिपी चोकदेखि दक्षिण जाने लक्ष्मी राजमार्गको पूर्वतर्फ सानो बाटोमा दक्षिण फर्केको नेपाल सन्तमत सत्संग मन्दिर रहेको छ ।

भारतको विहार राज्य भागलपुर कुप्पाघाटका महर्षि मेंही दासलेयहाँ आई २०३६ सालमा यसको स्थापना गरेका हुन् । सुरुमा बनाइएको सत्संग मन्दिर काठको खम्बा, बाँसको बत्तीको टाटी र टिनको छाना भएको थियो । त्यसबेलाको त्यो सानो घर अहिले पनि सुरक्षित छ । नयाँ मन्दिर पुरानो सत्संग मन्दिरदेखि पूर्वतिर छ ।

सत्संग मन्दिरको संस्थापक एवम् जग्गादाता स्व. कुशुमलाल गच्छदार (राजवंशी) र उहाँकी धर्मपत्नी स्व. बदलीदेवी राजवंशीले १ कट्ठा १०धुर जग्गा मन्दिरलाई दान दिएका थिए । त्यसैगरी मन्दिरको संरक्षक स्व. श्रीपतलाल राजवशी (संस्थापक उपाध्यक्ष नेपाल सन्तमत सत्संग केन्द्रीय समिति नेपाल रहेको थियो ।

सत्संग मन्दिरको नयाँ भवनको शिलान्यास तत्कालीन प्रदेश १ का उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री जगदीशप्रसाद कुशियतले २०७५ चैत १५ गते गरेका थिए ।

त्यसैगरी नयाँ सत्संग मन्दिरको समुद्घाटन महर्षि मेहीँ आश्रम कुप्पाघाट, भागलपुर (विहार) भारतका गुरुसेवी पुज्यपाद स्वामी भगिरथ दासजी महराजले २०७८ साल पुस १ गते गरेका थिए ।

प्रदेश सांसद ज्ञानेश्वर राजबंश र उहाँकी श्रीमती उपासी राजवंशीले कुल लागत ७४ लाख ६६ हजार ३१८ रुपियाँमा सत्संग मन्दिर निर्माण गरिदिएका छन् । सत्संग मन्दिर निर्माणमा प्रदेश सरकार र स्थानीय सरकारको सहयोग रहेको छ ।

सत्संग मन्दिरमा प्रत्येक आइतवार साप्ताहिक रुपमा सत्संग हुने गरको छ । चैतमा प्रत्येक वर्ष वार्षिक उत्सवको रुपमा सत्संग गरी भण्डारा समेत गर्ने गरेको माननीय ज्ञानेश्वर राजवंशीले बताउनु भयो ।

